आज मिति २०७७।१२।२५ गते यस गोलन्जोर गाउँपालिकाको कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्की ज्यू को अध्यक्षतामा बैठक बसि तपशिलाका प्रस्ताव माथि छलफल गरि सर्वसम्मत/ बहुमत बाट निर्णय गरियो ।

**उपस्थिती**

१ श्री पुष्प बहादुर कार्की गाउँपालिका अध्यक्ष
२ श्री गंगादेवी श्रेष्ठ गाउँपालिका उपाध्यक्ष
३ श्री दौलत कार्की गाउँपालिका प्रबक्ता
४ श्री मिन बहादुर सुनुवार कार्यपालिका सदस्य
५ श्री पुष्कर राज वराल कार्यपालिका सदस्य
६ श्री बेग बहादुर मगर कार्यपालिका सदस्य
७ श्री बुद्धि बहादुर पाल्पाली कार्यपालिका सदस्य
८ श्री पुरुषोत्तम श्रेष्ठ कार्यपालिका सदस्य
९ श्री रोम बहादुर देबकोटा कार्यपालिका सदस्य
१० श्री भक्त बहादुर भुजेल कार्यपालिका सदस्य
११ श्री कुमारीमाया मगर कार्यपालिका सदस्य
१२ श्री सावित्रा तमाङ् कार्यपालिका सदस्य
१३ जमुना कोईराला कार्यपालिका सदस्य
१४ श्री रण बहादुर सार्की कार्यपालिका सदस्य
१५ श्री ईन्द्र कुमारी हायु कार्यपालिका सदस्य
१६ श्री सेवक विक्रम राई निः प्रमुख प्रशासकीय अधिकृ

अन्य उपस्थिती

श्री शुसिल प्रसाद शर्मा ईन्जिनियर

श्री तिर्थ कुमार भण्डारी – नायव सुब्बा

प्रस्तावहरु

प्रस्ताव नं १ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रिक्त सम्बन्धमा ।

प्रस्ताव नं २ राफ्टिङ्ग सेवा संचालन तथा न्यूनतम दररेट सूचना सम्बन्धमा ।

प्रस्ताव नं ३ नेपाल टेलिकमको टावर निर्माणको लागि जग्गा सम्बन्धमा ।

प्रस्तावन नं ४ स्वास्थ्य सम्बन्धि कार्यविधि स्विकृत सम्बन्धमा ।

प्रस्तावन नं ५ अनुदान सम्बन्धमा ।

प्रस्ताव नं ६ सोलाभन्ज्याङ्ग व्यापरिक सर्टर भाडामा लगाउने सम्बन्धमा ।

प्रस्ताव नं ७ पोषणको बजेट सम्बन्धमा ।

प्रस्ताव नं ८ आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं ९ शिक्षाको भौतिक पुर्वाधार सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गोलन्जोर गाउँपालिकामा मिति२०७७।११।२४ गते देखि प्रमुख प्रशासकीय अधिकृत सरुवा भै जानु भएको र हाल सम्म प्रमुख प्रशासकीय अधिकृत विषयगत मन्त्रालयले नपठाएको कारणले यस गाउँपालिकाको यस आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयन, योजना सम्झौता, सामाजिक सुरक्षा तथा कर्मचारीहरुको तलव भत्ता लगाएतको आर्थीक कारोवारमा समेत असर परेकोले यस कार्यालयका शिक्षा शाखा प्रमुख शाखा अधिकृत श्री ठाकुर प्रमाद दाहाललाई आर्थिक अधिकार सहित जिम्मेवारी तोकिदिनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि गाउँपालिकाको गौरवको योजनाको रुपमा संचालन भएको राफ्टिङ्ग हाल पुर्वाधार निर्माणको काम सम्पन्न भएकोले सो राफ्टिङ्ग सेवा संचालनको लागि पुर्वाधार तथा सेवा वापतको न्यूनतम रु १५००००।(अक्षरुपि एक लाख पचाँस हजार) गोलन्जोर गाउँपालिका वडा नं ७ भिमेश्वर खुर्कोट नयाँ बस पार्कमा रहेको क्याफे भवन १ चेन्जङ्गि रोम महिला पुरुष २ ट्वाईलेट बाथरु महिला पुरुष २ र वडा नं ६ को बाशेश्वरमा रहेको कोठा २७ फिट लम्वाई १३ फिट चौडाई भएका २ वटा रुम र चेन्जिङ्ग रुम महिला पुरुष २ शौचालय महिला पुरुष २ किचेन १ किचेन स्टोर १ लगाएत सम्पुर्ण संरचनाको लागि ईच्छुक व्यक्ति फर्म कम्पनीहरुलाई सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै अन्य सर्टरको छुट्टै सूचना निकाल्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ०७ मा नेपाल टेलिकमको SASES DWDM Equipment भवन रहि सेवा संचालन भएकोले सो स्थानमा थप सेवा विस्तारको लागि जग्गा अपुग भएको भनि मिति २०७७।०८।१९ मा १ रोपनी जग्गा माग भएकोले सो सेवा संचालनको लागि वि .पि. राजमार्ग

उत्तर ट्राफिक भवन भन्दा दक्षिण पुर्वमा नयाँ बशपार्क जाने बाटो र पश्चिममा सिईसि भवन क्षेत्रको अन्दाजी १० आना जग्गा सेवा संचालनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकामा मातृ स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गर्भवती महिलाको लागि घरमा झण्डा र हातमा अण्डा संचालन सम्बन्धि कार्यविधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ६ मा निर्माण भएको श्री शुनकोसी बहुउद्धेश्य कृषि व्यवसाय तथा पशुपंछी फर्मको लागि आर्थिक वर्ष २०७७।०७८ मा रु ३०००००। अक्षरुपि तिन लाख विनियोजन भएकोमा सो संस्थाको नाम फरक परेकोले सो अनुदान सुनकोशी बहुउद्धेश्य कृषि तथा पशुपंछी फर्मको नाममा अनुदान उपलब्ध गराउने कार्यपालिका बैठकबाट निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ५ सोलाभन्ज्याङ्गमा हाल गाउँपालिकाले ४ वटा व्यापारिक सर्टर निर्माण गरेको सो सर्टर मध्ये १ वटा गाउँपालिकाले साईकल जोन संचालनको लागि राख्ने र अन्य ३ वटा सर्टर न्युनतम ३०००। बाट बढावढ हुने गरि सूचना निर्णय गरियो ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकामा आर्थिक वर्ष २०७७।०७८ मा पोषण सम्बन्धि सहकारी मार्फत संचालनको लागि विनियोजन भएको रु ६२५०००। गर्भवती महिलाहरुको (घरमा झण्डा र हातमा अण्डा कार्यक्रम कार्यविधि २०७७) अनुसार खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकामा विपद् व्यवस्थापन कोषबाट आगलागि पिडित तथा टाउकोको अपरेशन गरी आर्थिक अभाव भएका तपशिलका महानुभावहरुको लागि आर्थिक सहायत प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नर बहादुर नेपाली | गोलन्जोर ६ | २०,०००।- | |
| २ | अर्जुन कोईराला | गोलन्जोर ६ | २००००। | |
| | | | | |

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकामा आर्थिक वर्ष २०७७।०७८ मा संघीय सरकारबाट शशर्त अनुदानको रुपमा यस गाउँपालिकालाई वित्तिय हस्तान्तरण भइ आएको शिक्षा तर्फको भौतिक पुर्वाधारको शशर्त कार्यक्रम तपशिल बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं** : चालू आ व २०७७।०७८ मा संघीय सरकारबाट सशर्त अनुदानको रुपमा यस गाउँपालिकालाई वित्तीय हस्तान्तरण भई आएको शिक्षा तर्फको सशर्त कार्यक्रममा क्रियाकलाप नं २.७.१३.१३, विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान र क्रियाकलाप नं ११.१.२.१ विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान शीर्षकमा बजेट विनियोजन भई आएकोमा उक्त बजेटबाट कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७८ बमोजिम तोकिएका तपशीलका कार्यक्रमहरुको लागि विभिन्न विद्यालयहरुबाट प्रस्तावना पेश भएकोमा विद्यालयको कार्यसम्पादनको अवस्था, विद्यार्थी सङ्ख्या, यसअघि कार्यक्रम पाए नपाएको अवस्था र विद्यालयको प्रशतावना समेतको आधारमा तपशीलका विद्यालयहरुलाई तपशीलको कार्यक्रम वितरण गरी सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्रसं | कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| १ | पानी तथा स्वास्थ्य सरसफाइ सुविधा सहितको शौचालय निर्माण | श्री बाल मावि, गोलन्जोर २, शुलीभन्ज्याङ | ७,००,०००/- |
| | | श्री प्रावि ट्वाङट्वाङे, गोलन्जोर ४ | ७,००,०००/- |
| | | श्री पाटनदेवी प्रावि, गोलन्जोर १, कात्तिके | ७,००,०००/- |
| २ | शिक्षण सिकाइमा ICTको प्रयोग, कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्ट तथा Kit खरिदका लागि अनुदान | श्री ~~[illegible]~~ कौशिका मावि, गोलन्जोर ~~१~~ २, ~~[illegible] किराँते~~ ग्वाल्टा | ६,५०,०००/- |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | श्री कल्पना मा.वि. किराँते<br>श्री ~~कौशिका मावि, गोलन्जोर ३, ग्वाल्टार~~ | ६,५०,०००/- |
| ४ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा ई पुस्तकालय समेत) | श्री शारदा मावि, गोलन्जोर ४, बेखटाँडी | ६,५०,०००/- |
| ५ | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण अनुदान | श्री बाल मावि, गोलन्जोर २, शुलीभन्ज्याङ | २,००,०००/- |

| | | | |
|---|---|---|---|
| ६ | तोकिएको सूचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | श्री मावि नयाँखर्क, गोलन्जोर गाउँपालिका ५ | ५०,०००/- |
| | | लोकभावना प्रावि खानीनिगाले, गोलन्जोर गाउँपालिका ५ | ५०,०००/- |
| | | श्री कामदा मावि, डुँडभन्ज्याङ | ५०,०००/- |
| ७ | गणित, विज्ञान, अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री Kits अनुदान (आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयको लागि) | प्रभात आवि देउरालीटार | ५०,०००/- |

**निर्णय नं** : यस गाउँपालिका, वडा नं ४ स्थित श्री शारदा मावि, बेखटाँडीमा माध्यमिक तहको गाउँपालिका अनुदानमा कार्यरत गणित विषय शिक्षकको राजिनामा भएको र उक्त स्थानमा तत्काल अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति प्राप्त गर्न नसक्दा वार्षिक परीक्षा नजिकै आइसकेको अवस्थामा गणित विषय शिक्षकको समस्या भएकोले बालबालिकाको सिकाई प्रभावित भएको हुँदा वैकल्पिक व्यवस्थाको लागि अनुरोध भएकोमा विद्यालयले तोकिएको अध्यापन अनुमति पत्र प्राप्त शिक्षक पदपूर्तिको लागि प्रक्रियालाई निरन्तरता दिने र अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति छनोट भएमा जुनसुकै बेला सेवा कायम नरहने गरी बढीमा ३ महिनाको लागि गणित विषयमा स्नातक गरेको व्यक्तिलाई छनोट प्रक्रिया पूरा गरी अध्यापन कार्यमा लगाउने निर्णय गरियो । साथै ४ को मा.वि. श्री [illegible] किर्तंमा विज्ञान विषयको शिक्षक अध्यापन अनुमती प्राप्त गरेको व्यक्ति पाउन नसकेकोले हाललाई माथीकै व्यहोरा कायम हुने गरी छनोट प्रकृया पुरा गरी अध्यापन कार्यमा लगाउने निर्णय गरियो ।

**निर्णय नं** यस गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा कार्यरत तपशीलका दरबन्दी/राहत अनुदानमा कार्यरत शिक्षकहरु तथा रिक्त दरबन्दी/अनुदानलाई विद्यार्थी सङ्ख्या तथा विद्यालयको आवश्यकता तथा अन्य विविध आधारमा व्यवस्थापन गर्न आवश्यक देखिएकाले कार्यरत शिक्षकको कामकाज गर्न खटिएकै विद्यालयबाट तलव भत्ता भुक्तानी हुने तथा रिक्त पदको हकमा व्यवस्थापन गरिएकै विद्यालयले विज्ञापन गरी नियमानुसार पदपूर्ति गर्नेगरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्रसं | शिक्षकको नाम | तह।श्रेणी | प्रकार | विद्यालयको नाम | शिक्षकको नाम व्यवस्थापन | तह।श्रेणी व्यवस्थापन | प्रकार व्यवस्थापन | विद्यालयको नाम व्यवस्थापन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अम्बिका मैनाली | प्राशितृ | राहत | सुनकोशी प्रावि, गोलन्जोर २, कुखुरेटार | अम्बिका मैनाली | प्राशितृ | राहत | बाल प्रगतिशील प्रावि, गोलन्जोर २, हमालडिही | कामकाज गर्न खटाइएको |
| २ | प्रविण तोलाङ्गीको सरुवाबाट रिक्त दरबन्दी | प्राशि | दरबन्दी | बाल प्रगतिशील प्रावि, गोलन्जोर २, हमालडिही | प्रविण तोलाङ्गीको सरुवाबाट रिक्त दरबन्दी | प्राशि | दरबन्दी | शारदा मावि, गोलन्जोर ४, बेखटाँडी | रिक्त दरबन्दी हाललाई सारी सारिएकै स्थानबाट पदपूर्ति गर्ने |
| ३ | चुडानाथ पौडेल | प्राशि | दरबन्दी | शारदा मावि, गोलन्जोर ४, बेखटाँडी | चुडानाथ पौडेल | प्राशि | दरबन्दी | श्री प्रावि ट्वाङट्वाङे, गोलन्जोर ४ | कामकाज गर्न खटाइएको |

# गोलन्जोर गाउँपालिका सिन्धुली

## गर्भवती महिलाहरुका लागि घरमा झण्डा र हातमा अण्डा कार्यक्रम

## कार्यान्वयन निर्देशिका २०७७

**पृष्ठभूमी**

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका जिल्ला भित्रको भौगोलिक रुपले विकट गाउँपालिकाहरु मध्येको एक हो । साथै यो गाउँपालिका गर्भवती तथा मातृशिशु स्वास्थ्य र पोषण सेवाको दृष्टिले समेत चुनौतीपूर्ण पालिकाहरु मध्ये पर्दछ । पालिका भित्रका विकट गाउँ तथा समुदायका महिलाहरुमा अझपनि कम उमेरमा गर्भवती हुने, गर्भवती भएको कुरा आफन्त, वरपर तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुसँग सर सल्लाह गर्न लजाउने, गर्भवती भए पश्चात गर्भजाँचको लागि स्वास्थ्य सँस्थामा कमै आउने वा आउनुपर्ने समयमा नआउने र घरमै सुत्केरी हुने जस्तो समस्याहरु हाल पनि विद्यमान छन् । यहि अवस्था रहि रहने हो भने गोलन्जोर गाउँपालिका भित्रका आमा र बच्चाहरुको स्वास्थ्य अवस्था सुधार्ने कार्य अझै चुनौतीपूर्ण बन्न जाने निश्चित छ । साथै राज्यले मातृशिशु स्वास्थ्य र पोषणमा क्षेत्रमा लिएको लक्ष्य उद्देश्य पुरा गर्न समेत कठिनाई उत्पन्न हुने देखिन्छ । यस गाउँपालिका भित्र आर्थिक बर्ष २०७७/०७८ मा स्वास्थ्य सँस्थाहरुले सेवा दिनुपर्ने संभावित गर्भवतीको संख्या जम्मा ५९८ जना हुनसक्ने आंकलन गरिएको छ । समयक्रममा यो सँख्यामा केहि थपघट हुनसक्ने भएपनि पालिकाका सबै वडा भित्रका गर्भवती महिलाहरुको पहिचान गरि नीजहरुलाई दिनुपर्ने स्वास्थ्य र पोषण सम्बन्धि सेवाको पहुँच र उपलब्धतामा बृद्धि गर्न, महिलाहरुको स्वास्थ्य र पोषण सम्बन्धि परम्परागत व्यवहारलई परिवर्तन गर्दै गर्भजाँच गर्ने कार्यलाई अति संवेदनशील तथा अत्यावश्यक कार्यको रुपमा कार्यान्वयन गर्न र सँस्थागत सुत्केरी गर्ने गराउने कार्यलाई प्रोत्साहन गरि सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन यस गाउँपालिकाले गर्भवति महिलाहरुका लागि **घरमा झण्डा र हातमा अण्डा कार्यक्रम** कार्यान्वयन गर्न लागेको हो ।

**कार्यक्रमको स्वरुप:**

घरमा झण्डा, हातमा अण्डा कार्यक्रम अन्तरगत एक जना गर्भवति महिला पहिलो पटक आफ्नो गर्भ जाँच गराउन आफुलाई पायक पर्ने स्वास्थ्य सँस्थामा आउँदा निजले आफ्नो गर्भ परिक्षण भएपश्चात निजको वडामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाले निजको घरमा गाउँपालिकाले तयार गरेको सुन्तला रंगको झण्डा सबैले देख्ने ठाउँमा राखी गर्भवती महिलाको स्पष्ट पहिचान गर्ने र निज गर्भवति महिलालाई गर्भ रहेको चौथो महिनाको सुरुवातबाट आफ्नो गर्भ जाँच गराउन स्वास्थ्य सँस्थामा आए वापत हरेक पटकको जाँचमा अण्डा उपलब्ध गराईने छ । निज गर्भवती महिलालाई नेपाल सरकारको प्रोटोकल बमोजिम चार, छ, आठ र नौ गरि न्युनतम चार पटकको गर्भजाँचमा एक पटक गर्भ जाँच गरे वापत १ क्रेट (३० वटा) वटा अण्डा सम्वन्धित स्वास्थ्य सँस्थासँग अण्डा उपलब्ध गराइने छ ।

**कार्यक्रमको उद्देश्य:**

**यस कार्यक्रमको निम्मलिखित उद्देश्यहरु हुनेछन् ।**

- पालिका भित्रका गर्भवति महिलाहरुको स्वास्थ्य सँस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको पहुँच र उपलब्धतामा बृद्धि गर्ने
- गर्भवति महिलाको घरधुरी पहिचान गरि गर्भावस्थामा दिनुपर्ने परामर्शलाई थप प्रभावकारी बनाउँदै स्वास्थ्य सँस्थामा सेवा लिन आउने बानीको विकास गराउने ।
- गर्भवती महिलालाइ स्वास्थ्य सेवा लिनका लागि प्रोत्साहित गर्दै घरमै सुत्केरी हुने र हुदां भोग्नुपर्ने जोखिमलाइ न्युनिकरण गर्ने ।
- स्वास्थ्य सँस्थामा सुत्केरी हुने कार्यलाइ प्रवर्द्धन गर्दै मातृशिशु स्वास्थ्यमा सुधार ल्याउने ।
- गाउँपालिका लाई पूर्ण सँस्थागत सुत्केरीको रुपमा घोषणा गर्नेकार्यमा सहयोग गर्ने ।
- मातृ स्वास्थ्य तथा वाल स्वास्थ्य र पोषण संम्बेदनशिल बनाइ गाउँपालिकामा कुपोषण वा अधिक पोषण समस्या हटाउन ।

- गाउँपालिका क्षेत्रमा भएका गर्भवति महिला तथा वालवालिकाहरुलाई गर्भमा रहदा देखि २ बर्ष सम्म गरेको खर्च हैन लगानी हो भन्ने भावनाको विकास गर्न ।
- मातृ मृत्युदर वाल मृत्युदरमा कमि ल्याई समग्र गाउँपालिकालाई सुपोषित सुरक्षित मातृ सेवाको विकासमा पहुँच स्थापित गर्न ।

**कार्यक्रम कार्यान्वयनका लागि सहभागी निकायहरु**

यो कार्यक्रम पूर्णतया **गोलन्जोर** गाउँपालिकाको अगुवाइमा त्यस कार्यालयको स्वास्थ्य शाखाबाट सञ्चालन हुनेछ । यस कार्यक्रमको सफल कार्यान्वयनमा गाउँपालिकालाई गाउँपालिको पोषण सम्वन्धि कार्यक्रम र सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्राप्त रकमको परिचालन हुनेछ भने गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मिहरु, सम्वन्धित वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरु तथा **गोलन्जोर** गाउँपालिका भित्र कार्यरत स्वास्थ्य कर्मचारीहरुले सहयोग गर्नेछन् । गर्भवति महिलालाई निः शुल्क अण्डा उपलब्ध गराउने दायित्व सम्वन्धित स्वास्थ्य संस्थाको हुनेछ । गोलन्जोर गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले आवधिक रुपमा यस कार्यक्रमको अनुगमन गरि कार्यक्रमको अवस्था तथा प्रभावकारीताका सम्बन्धमा गाउँपालिकालाई प्रतिवेदन पेश गर्नेछ ।

**सहभागी निकायहरुको भूमिका तथा कार्यान्वयन विधी**

**गाउँपालिका**

**कार्यक्रमको कार्यान्वयनमा गोलन्जोसर गाउँपालिकाको भूमिका निम्नानूसार हुनेछ:**

- एक दिने भेला आयोजना गरि कार्यक्रम तथा सो को कार्यान्वयन विधी बारे पालिका भित्रका हरेक स्वास्थ्य सँस्थाबाट एक जना स्वास्थ्यकर्मी, स्वयमसेविका र सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने ।
- झण्डा र अण्डा कार्यक्रममा लाग्ने वजेटको व्यवस्था गाउँपालिकाले गर्ने तथा कार्यक्रमको अगुवाइ स्वास्थ्य शाखाले गर्ने ।
- गाउँपालिकाको नाम र गर्भवतीको पहिचान गर्ने विशेष फोटो वा चित्र उल्लेख गरिएको सुन्तला रंगको झण्डा वनाउने र सबै वडाको संभावित गर्भवतीको सख्या वरावरको झण्डा गाउँपालिकाको स्वास्थ्य शाखाबाट वडाका स्वास्थ्य सँस्थालाई उपलब्ध गराउने ।
- शाखाले अण्डा उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक पर्ने कुपन तथा भर्पाई आवश्यक सँख्यामा स्वास्थ्य सँस्थामा पठाउने ।
- स्वास्थ्य सँस्थाका कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने
- कार्यक्रमको प्रभावकारीता हेरी आवश्यकता अनुसार वार्षिक योजनामा समावेश गरि गाउँसभाबाट पारित गराई कार्यक्रमलाई निरन्तरता दिने वा नदिने विषयमा निर्णय तथा सुझाव गाउँ कार्यपालिकालाई दिने ।
- गाउँपालिकाभित्रका स्वास्थ्य र पोषण प्रवर्द्धमा कार्यरत अन्य गैर सरकारी सँस्था वा परियोजनाहरुसँग आवश्यक समन्वयका लागि नेतृत्व गर्ने ।
- गर्भवति महिलाका लागि आवश्यक पर्ने अण्डा आपूर्तिकर्तासँग अण्डाको उपलब्धताका लागि आवश्यक सम्झौता गर्ने ।
- कार्यक्रमको आवधिक अनुगमन तथा मुल्याङ्कन गरि सम्वन्धित निकायहरुलाई कार्यक्रमको अवस्था, प्रभावकारीता र चुनौतीवारे आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने ।

**अन्य संघ संस्थाबाट सञ्चालित परियोजना:**

**गाउँपालिका भित्र स्वास्थ्य र पोषणको क्षेत्रमा कार्यरत अन्य संघ सँस्थाहरुले निम्न भूमिका निर्वाह गर्नेछन्:**

- कार्यक्रमवारे गर्भवती महिलाहरुलाई जानकारी दिने, कार्यक्रमको प्रभावकारीता, गर्भवती महिलालाई यो कार्यक्रमको आवश्यकता वारे प्रष्ट पार्ने र यस्को फाइदावारे घरधुरी भेट तथा समुदाय स्तरमा सञ्चालित कार्यक्रमहरुमा प्रचार प्रसार गर्ने ।



२०७७।८।१

- पालिकाभित्र सम्बन्धित वडाका सबै वडाहरुमा भएका गर्भवति महिलाहरुको निश्चित सँख्या यकिन गरि स्वास्थ्य शाखालाई सो तथ्याङ्क उपलब्ध गराउने ।
- पहिचान भएको गर्भवति महिलालाको घरलाई प्राथमिकता दिई घरभेट तथा परामर्शकार्य लाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने ।
- कार्यक्रमको सफल कार्यान्वयनका लागि स्वास्थ्य कर्मी, महिला स्वास्थ्य स्वयंसेविका र आवश्यकता अनुसार गाउँपालिकाको स्वास्थ्य शाखा समेतलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।

**स्वास्थ्य सँस्था**

**गाउँपालिका भित्रका सबै वडाका स्वास्थ्य सँस्थाहरुले देहायका भूमिका निर्वाह गर्नेछन्:**

- गर्भ जाँच गराउन आउने महिलालाई प्रथम पटकको गर्भजाँच पश्चात सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविकाको मद्दत लिई निजको घरमा गाउँपालिकाले तयार गरेका झण्डा राख्न लगाउने ।
- हरेक पटकको गर्भजाँच पश्चात निज महिलालाई पालिकाद्वारा जारी गरिएको कुपन दिई नजिकको अण्डा विक्रेतावाट तोकिएको संख्यामा अण्डा लिन लगाउने र सो को भपाई तयार गर्ने ।
- अण्डा प्राप्त गर्ने गर्भवती महिलालाई अण्डा सेवनको फाइदावारे बताउँदै अण्डाको दुरुपयोग हुन नदिने तर्फ सावधान गराउने ।
- अण्डा प्राप्त गर्ने महिलाले प्रत्येक गर्भजाँचमा पाएको अण्डाको स्पष्ट अभिलेख राख्ने र गाउँपालिकालाई आफ्नो नियमीत प्रतिवेदनसँगै सो अभिलेखको पनि प्रतिवेदन गर्ने ।
- गर्भ जाँच गराउने महिलालाई हरेक पटकको गर्भजाँचमा आफ्नो पति वा पति नभएको खण्डमा परिवारका कोहि जिम्मेबार सदस्यको साथमा स्वास्थ्य सँस्थामा आउन लगाउने ।
- कार्यक्रमको कार्यान्वयनको अवस्था तथा प्रभावकारीताबारे गाउँपालिकालाई प्रतिवेदन गर्ने ।

**वडा कार्यालय:**

- आफ्नो वडा भित्रका स्वास्थ्य सँस्थामा यो कार्यक्रम प्रभावकारी तरिकाले लागू भए नभएको यकिन गरि नभएको भए कारण पत्ता लगाई कार्यक्रमको प्रभावकारिता बढाउने ।
- गर्भ जाँच गराउन आउने महिलाले तोकिएको सँख्यामा अण्डा पाए नपाएको निश्चित गर्ने र समयमा अण्डा उपलब्ध गराउन स्वास्थ्य सँस्थालाई निर्देशन दिने ।
- स्वास्थ्य सँस्थाबाट महिनाको अन्तमा जम्मा हुन आएको कुपन नियमानुसार गाउँपालिकामा रमक भुक्तानीका लागि रेकर्ड सहित पठाउने ।
- गाउँपालिकाबाट कुपन बराबरको प्राप्त रकम अण्डा आपूतिकर्तालाई उपलब्ध गराई त्यसको अभिलेख राख्ने ।

**अण्डा आपूर्तिकर्ता**

- गर्भ जाँच गरेको प्रमाण तथा अण्डा प्राप्त गर्ने कुपन लिई आउने महिलालाई ताजा अण्डा एक केट (तीस बटा) उपलब्ध गराउने ।
- महिनाको अन्तमा आफूकहाँ जम्मा भएको जम्मा कुपन र त्यो कुपन बराबरको रकम लेखिएको हर हिसाव वडा कार्यालयलाई बुझाउने र रकम भुक्तानीको लिने ।

**महिला स्वास्थ्य स्वयंसेविका**

- आफ्नो वडाका गर्भवति महिलाहरुलाई कार्यक्रमबारे जानकारी गराउने र गर्भजाँच गर्न स्वास्थ्य सँस्थामा जान प्रेरित गर्ने ।
- गर्भवती महिलाहरुको स्पष्ट अभिलेख राख्ने र आवश्यकता अनुसार पालिका, वडा तथा स्वास्थ्य सँस्थालाई उपलब्ध गराउने ।
- गर्भवती महिलाको पहिलो गर्भजाँच सकिनासाथ नीजसँग नीजको घरमा गई गाउँपालिकाले जारी गरको गर्भवती पहिचान गर्ने झण्डा सबैले देख्ने गरि झुण्डाउने ।
- झण्डा भएका कुनैपनि गर्भवती सुत्केरी भए पश्चात १ हप्ता भित्र नीजको घरबाट सो झण्डा निकाल्ने र नयाँ पहिचान भएको गर्भवतीको घरमा पून सोहि प्रकृया बमोजिम झण्डा झुण्डाउने ।




२०७८.

- कारणबस कुनै गर्भवतीको गर्भ खेर गएमा अन्य कुनै दुर्घटना भएको सो को जानकारी आवश्यकता अनुसार वडा, स्वास्थ्य सँस्था वा पालिका स्वास्थ्य शाखामा गराउने ।
- नीज गर्भवतीको घरभेटमा जाँदा नीजले आफुले प्राप्त गरेको अण्डा नियमित खाए नखाएको यकिन गर्ने र घरमा अण्डाको दुरुपयोग हुनसक्ने तर्फ सचेत गराउने ।

**कार्यक्रम कार्यान्वयन बिधी:**

यस कार्यक्रमको कार्यान्वयन विधी तलको चित्रमा उल्लेख भए बमोजिम हुनेछ ।



**कार्यक्रमको अनुमानित खर्च**

यस आर्थिक बर्षमा गोलन्जोर गाउँपालिका भित्र संभावित गर्भवतीको सँख्या ३५० भनि आँकलन गरिएको मा प्रति महिला १२० वटा अण्डाको प्रदान गर्दा प्रति गोटा रु. १५ को दरले जम्मा रु. 350*120*15= 630000 हुन आउँछ । यस बर्ष यो कार्यक्रमका लागि मात्र तीन महिना शेष रहेको हुँदा पालिकाबाट यस आर्थिक बर्षमा पोषणका लागि बिनियोजित रकमबाटै यो कार्यक्रमको कार्यान्वयन गरिनेछ र यस आर्थिक बर्षको अन्तमा कार्यक्रमको मुल्यांकन गरि र अर्को बर्ष यस कार्यक्रमलाई गाउँसभाबाट निर्णय गराई योजनामा समावेश गरि कार्यान्वयनगरिनेछ । यस कार्यक्रमको लागि बजेट अपुग भएमा गाउँ कार्यपालिकाले आवश्यक बजेट व्यवस्था गरि कार्यक्रम निरन्तरता दिईने छ ।